# काठमाडौं महानगरपालिका मिति २०७९ जेष्ठ १६ गते बसेको प्रथम बैठकको निर्णय कार्यान्वयनको अवस्था

| क्र.सं. | प्रस्ताव नं. | मिति | निर्णय | कार्यान्वयनको अवस्था | प्रस्ताव पेश गर्ने विभाग | विभागको राय |
|---|---|---|---|---|---|---|
| १ | **प्रस्ताव नं. १.**<br>जनप्रतिनिधि परिचयात्मक कार्यक्रम सम्वन्धमा । | २०७९ जेष्ठ १६ गते | २०७९ वैशाख ३० गते सम्पन्न स्थानीय तहको निर्वाचनमा काठमाडौं महानगरवासीको उत्साहजनक सहभागिता, जनप्रतिनिधि चयन गर्न मतदाताहरुले प्रयोग गर्नुभएको, उक्त सम्पन्न भएको निर्वाचनबाट प्रमुख, उपप्रमुख, वडा अध्यक्ष र वडा सदस्य पदमा बिजयी भई मिति २०७९ जेष्ठ १६ गते पद बहाली गर्नुभएको । पद बहाली पश्चात नगर कार्यपालिका बैठकको प्रस्ताव नं. १ मा जनप्रतिनिधि परिचयात्मक कार्यक्रम रहेकोले प्रमुख, उपप्रमुख र वडा अध्यक्षबिच परिचयात्मक कार्यक्रम सम्पन्न गर्ने । | सम्पन्न भएको । | सचिवालय प्रमुख | |
| २ | प्रस्ताव नं. २.<br>सबै मतदाता महानगरबासीलाई धन्यवाद दिने सम्वन्धमा । | २०७९ जेष्ठ १६ गते | २०७९ वैशाख ३० गते सम्पन्न स्थानीय तहको निर्वाचनलाई सफल पार्न अहोरात्र खटनुहुने सम्पूर्ण राष्ट्रसेवक कर्मचारीहरु, महानगरवासीहरुलाइ उच्च प्रसंसा गर्दै काठमाडौं महानगरवासीको उत्साहजनक सहभागिता, जनप्रतिनिधि चयन गर्न मतदाताहरुले आफ्नो मताधिकार प्रयोग गर्नुभएको छ र हाल प्रतिनिधित्व गर्ने जनप्रतिनिधिहरुका तर्फबाट महानगरवासी, सम्पूर्ण आम जनता, मतदाता, सुभेच्छुक, पत्रकारले गर्नुभएको योगदानको हार्दिक कृतज्ञता सहित धन्यवादको प्रस्ताव पास गर्नुपर्नेदेखि निर्णयका लागि पेश गरेको छु । | सम्पन्न भएको । | सचिवालय प्रमुख | |
| ३ | प्रस्ताव नं. ३.<br>फोहरमैला व्यवस्थापन गर्ने सम्वन्धमा वडा अध्यक्षज्यूहरुको संयोजकत्वमा कार्यदल गठन गर्ने सम्वन्धमा । | २०७९ जेष्ठ १६ गते | फोहरमैला व्यवस्थापन गर्ने सम्वन्धमा वडा अध्यक्षज्यूहरुको संयोजकत्वमा कार्यदल गठन गर्ने भनी प्रस्ताव नगरकार्यपालिका सदस्यज्यूहरुलाई वितरण गरेतापनि उक्त समिति काठमाडौं महानगरपालिका प्रमुखज्यू उपप्रमुखज्यू समेत सहभागिता हुनु पर्ने भएकोले प्रमुखज्यूको संयोजकत्वमा तपशिल बमोजिमको समिति गठन गर्ने निर्णय गरियो ।<br>**तपशिलः** | सम्पन्न भएको । | सचिवालय प्रमुख | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | क) काठमाडौं महानगरपालिका, प्रमुख - संयोजक<br>ख) काठमाडौं महानगरपालिका, उपप्रमुख - सदस्य<br>ग) का.म.पा. वडा नं. ३, वडा अध्यक्ष - सदस्य<br>घ) का.म.पा. वडा नं. ६, वडा अध्यक्ष - सदस्य<br>ङ) का.म.पा. वडा नं. १२, वडा अध्यक्ष - सदस्य<br>च) ईश्वर मान डंगोल १५, वडा अध्यक्ष - सदस्य<br>छ) का.म.पा. वडा नं. २९, वडा अध्यक्ष - सदस्य<br>ज) का.म.पा. वडा नं. ३२, वडा अध्यक्ष - सदस्य<br>झ) का.म.पा., प्रमुख प्रशासकीय अधिकृत - सदस्य - सचिव | | | |
| ४ | प्रस्ताव नं. ४<br>सार्बजनिक शौचालय प्रयोगको लागि महानगरभित्र रहेका रेष्टुरा, होटलहरु प्रयोग गर्ने सम्वन्धमा । | २०७९ जेष्ठ १६ गते | काठमाडौं महानगरपालिका क्षेत्रभित्र रहेका बैंक, बित्तिय संस्था, रेष्टुरेन्ट, सपिङ मल, पेट्रोल पम्प, अस्पताल, सार्वजनिक संस्थाहरु तथा ब्यक्तिले सर्वसाधारणलाई प्रयोग गर्नका लागि सार्बजनिक निजि साझेदारी एकाईलाई जिम्मेवारी दिने र आबश्यक सहयोग प्रशासन बिभागले गर्ने । | कार्यान्वयनको लागि सम्वन्धित विभागमा निर्णयको प्रमाणित प्रतिलिपि प्रेषित भएको । | प्रशासन विभाग | |
| ५ | प्रस्ताव नं. ५<br>महानगरबासीको गुनासो सम्वोधन गर्न Call Center स्थापना गर्ने सम्वन्धमा । | २०७९ जेष्ठ १६ गते | महानगरबासीको गुनासो सम्वोधन गर्न ७ (सात) दिन भित्र Call Center स्थापना गरी लागु गर्ने सो कार्य यथासिघ्र कार्यान्वयनमा ल्याउन सूचना प्रबिधि बिभागलाई जिम्मेवारी दिने र आबश्यक सहयोग प्रशासन बिभागले गर्ने । | कार्यान्वयनको लागि सम्वन्धित विभागमा निर्णयको प्रमाणित प्रतिलिपि प्रेषित भएको । | सूचना प्रविधि विभाग | |
| ६ | प्रस्ताव नं. ६<br>विग्रेका, भत्केका सडक र ढल तत्काल मर्मतका लागि आवश्यक निर्देशिका र | २०७९ जेष्ठ १६ गते | महानगर क्षेत्रभित्रका विभिन्न स्थानमा विग्रेका, भत्केका सडक र ढल तत्काल मर्मत तथा संभारका लागि आवश्यक निर्देशिका तयार गर्ने र उक्त कार्यका लागि २ (दुई) थान Infrastructure Ambulance प्रयोगमा ल्याउन गरि | कार्यान्वयनको लागि सम्वन्धित विभागमा निर्णयको प्रमाणित प्रतिलिपि सहित सक्कल | सार्वजनिक निर्माण विभाग | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | Infrastructure Ambulance प्रयोगमा ल्याउने सम्वन्धमा । | | सार्बजनिक निर्माण बिभागले कार्य गर्ने गरि जिम्मेबारी दिने निर्णय हुनुपर्ने । | फाइल प्रेषित भएको । | | |
| ७ | प्रस्ताव नं. ७ विविध<br>क) का.म.पा. ३१ वडा अन्तर्गत जनसहयोग मार्ग र एकता मार्गमा कालोपत्रे गर्ने सम्वन्धमा । | २०७९ जेष्ठ १६ गते | काठमाडौं महानगरपालिका वडा नं. ३१ अन्तर्गत जनसहयोग मार्ग र एकता मार्गमा सडक कालोपत्रे गर्ने कार्यको लागि रु. २,०१,१८,८९८/८४ (भ्याट र ओभरहेड सहित) हुन आएको र बजेट विनियोजित गर्दा रु. १,५५,८५,०००।- मात्र गरिएकोले नपुग रकम स्वीकृत बजेटको नियमित सडक मर्मत शिर्षकमा विनियोजित रु. २ करोडबाट रु. ४५,३३८९८।८४ खर्च गर्ने गरी रु. २,०१,१८,८९८/८४ (भ्याट र ओभरहेड सहित) को ल.ई. स्वीकृती गर्ने निर्णय हुनुपर्ने । | कार्यान्वयनको लागि सम्वन्धित विभागमा निर्णयको प्रमाणित प्रतिलिपि सहित सक्कल फाइल प्रेषित भएको । | सार्वजनिक निर्माण विभाग | |
| ७ | ख) मुद्दामा प्रतिनिधित्व गर्ने अख्तियारी सम्बन्धमा । | २०७९ जेष्ठ १६ गते | काठमाडौं महानगरपालिकाका निर्वाचित जनप्रतिनिधि तथा पदाधिकारीहरु र काठमाडौं महानगरपालिका नगर कार्यपालिकाका अन्तर्गतका समिति, विभाग, महाशाखा, शाखा, एकाई, सचिवालय, आयोजना, वडा कार्यालयका कर्मचारीहरु पक्ष वा विपक्ष भई विभिन्न अड्डा अदालतहरुमा मुद्दा दर्ता गर्न तथा प्रत्यर्थी भई निवेदन, फिरादपत्र, लिखित जवाफ, प्रतिउत्तरपत्र दर्ता गर्न तथा अन्य जे जो गर्नुपर्छ सो को अख्तियारी प्राप्त व्यक्ति भई कार्य गर्न काठमाडौं महानगरपालिका नगरसभा, नगर कार्यपालिका, र प्रमुखको हकमा काठमाडौं महानगरपालिकाको प्रमुखले, न्यायिक समिति, उपप्रमुखले अध्यक्षता गर्ने अन्य समिति र आफ्नो हकमा काठमाडौं महानगरपालिकाका उपप्रमुखले, वडा अध्यक्ष, वडा कार्यालय र वडा समितिको हकमा वडा अध्यक्षले, महानगरपालिका अन्तर्गत गठन हुने विभिन्न विषयगत समितिको हकमा समितिको संयोजक वा अध्यक्षले, महानगरपालिका अन्तर्गतका विभाग, महाशाखा, शाखा, एकाई, सचिवालय, आयोजनाको हकमा तत् तत् सांगठनिक संरचनाका प्रमुखले र वडा सदस्य, अन्य पदाधिकारी, कर्मचारीको नाम किटान भएकोमा तत् तत् व्यक्तिले मुद्दामा पक्ष भई कार्य गर्ने अख्तियारी दिने । | कार्यान्वयनको लागि सम्वन्धित विभागमा निर्णयको प्रमाणित प्रतिलिपि सहित सक्कल फाइल प्रेषित भएको । | कानुन तथा मानव अधिकार विभाग | |

# काठमाडौं महानगरपालिका मिति २०७९ जेष्ठ २९ गते बसेको दोस्रो बैठकको निर्णय कार्यान्वयनको अवस्था

| क्र.सं. | प्रस्ताव नं. | मिति | निर्णय | कार्यान्वयनको अवस्था | प्रस्ताव पेश गर्ने विभाग | विभागको राय |
|---|---|---|---|---|---|---|
| १ | **प्रस्ताव नं. १**<br>नगरसभाको ११ औ अधिवेशन आह्वान गर्ने सम्बन्धमा । | २०७९ जेष्ठ २९ गते | काठमाडौं महानगरपालिका नगर सभा एघारौं अधिवेशन २०७९ आषाढ ५ गते आइतवार दिनको ३:०० बजे राष्ट्रिय सभागृहको सभाहलमा बस्ने गरी आव्हान गर्न निर्णय हुनुपर्ने । | **सम्पन्न भएको** | **सचिवालय प्रमुख** | |
| २ | **प्रस्ताव नं. २**<br>स्थानीय राजश्व परामर्श समिति गठन सम्बन्धमा । | २०७९ जेष्ठ १६ गते | स्थानीय राजश्व परामर्श समिति गठन गर्ने सम्बन्धमा काठमाडौं महानगरपालिका उपप्रमुखज्यू संयोजक रहने गरी तपशिल बमोजिमको समिति गठन गर्ने ।<br>**<u>तपशिल:</u>**<br>क) काठमाडौं महानगरपालिका उपप्रमुख- संयोजक<br>ख) नगर कार्यपालिका सदस्य, श्री सुमन श्रेष्ठ, वडा नं. १४ - सदस्य<br>ग) नगर कार्यपालिका सदस्य, श्री मिना सिंह, वडा नं. ५ - सदस्य<br>घ) काठमाडौं महानगरपालिका, प्रमुख प्रशासकीय अधिकृत - सदस्य- सचिव | **सम्पन्न** | **सचिवालय प्रमुख** | |
| ३ | **प्रस्ताव नं. ३**<br>नगर कार्यपालिका अन्तर्गत बिषयगत समितिहरु गठन सम्बन्धमा । | २०७९ जेष्ठ १६ गते | नगर कार्यपालिका अन्तर्गत देहाय बमोजिमका बिषयगत समितिहरु गठन गर्ने ।<br>१. **सुशासन समिति**<br>संयोजक खेमराज तिवारी २६<br><br>२. **बित्त समिति**<br>संयोजक ईश्वरमान डंगोल १५<br>३. **सामाजिक समिति**<br>संयोजक राम कुमार के.सी. १० | **सम्पन्न** | **सचिवालय प्रमुख** | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | ४. **पूर्वाधार समिति**<br>संयोजक मुकुन्द रिजाल १६<br><br>५. **बातावरण समिति**<br>संयोजक बालकृष्ण महर्जन १२<br><br>६. **भवन व्यवस्था समिति**<br>संयोजक हिरालाल तण्डुकार ११<br><br>७. **सम्पदा तथा पर्यटन समिति**<br>संयोजक आसामान संगत ८<br><br>८. **सूचना प्रविधि समिति**<br>संयोजक नवीन मानन्धर १७<br><br>९. **शिक्षा र स्वास्थ्य समिति**<br>संयोजक चिनीकाजी महर्जन २२<br><br>१०. **विधायन समिति**<br>संयोजक मचाराजा महर्जन २३<br><br>११. **राजश्व समिति**<br>संयोजक नवराज पराजुली ३२<br><br>१२. **विपद व्यस्थापन समिति**<br>संयोजक प्रेम थापा ३ | | | |

# काठमाडौं महानगरपालिका मिति २०७९ असार ०५ गते बसेको तेस्रो बैठकको निर्णयको अवस्था

| क्र.सं. | प्रस्ताव नं. | मिति | निर्णय | कार्यान्वयनको अवस्था | प्रस्ताव पेश गर्ने विभाग | विभागको राय |
|---|---|---|---|---|---|---|
| **१** | **प्रस्ताव नं १.** आर्थिक वर्ष २०७९/०८० को बजेट नीति तथा कार्यक्रम सम्वन्धी छलफल गर्ने सम्वन्धमा । | २०७९ असार ०५ गते | बजेट नीति तथा कार्यक्रम तयार भई पेश हुन आएको हुँदा नगर नगरकार्यपालिका सदस्यज्यूहरु समक्ष छलफलको लागि २०७९ आषाढ ५ गते आइतबारका दिन दिनको ३:०० बजे राष्ट्रिय सभागृहमा नगरसभाको बैठकमा पेश गर्ने । | सम्पन्न | सचिवालय प्रमुख | |

# काठमाडौं महानगरपालिका मिति २०७९ असार १० गते बसेको चौंथो बैठकको निर्णयको अवस्था

| क्र.सं. | प्रस्ताव नं. | मिति | निर्णय | कार्यान्वयनको अवस्था | प्रस्ताव पेश गर्ने विभाग | विभागको राय |
|---|---|---|---|---|---|---|
| १ | **प्रस्ताव नं १.** आर्थिक वर्ष २०७९/०८० को बजेट नीति तथा कार्यक्रम सम्वन्धी छलफल गर्ने सम्वन्धमा । | २०७९ असार १० गते | बजेट नीति तथा कार्यक्रम तयार भई पेश हुन आएको हुँदा नगर नगरकार्यपालिका सदस्यज्यूहरु समक्ष छलफलको लागि २०७९ आषाढ ५ गते आइतबारका दिन दिनको ३:०० बजे राष्ट्रिय सभागृहमा नगरसभाको बैठकमा पेश गर्ने । | नगर सभामा पेश | सचिवालय प्रमुख | |
| २ | **प्रस्ताव नं. २** काठमाडौं महानगरपालिका आर्थिक विधेयक, २०७९ नगर सभामा प्रस्तुत गर्ने सम्वन्धमा । | | राजस्व परामर्श समिति र विधायन समितिको बैठकबाट छलफल भई अन्तिम मस्यौदा गरिएको काठमाडौं महानगरपालिका आर्थिक विधेयक, २०७९ काठमाडौं महानगरपालिका नगर सभा एघारौं अधिबेशनको मिति २०७८/०३/१० को बैठकमा प्रमुखज्यूबाट प्रस्तुत गर्ने । | नगर सभामा पेश | सचिवालय प्रमुख | |
| ३ | **प्रस्ताव नं. ३** काठमाडौं महानगरपालिका विनियोजन विधेयक, २०७९ नगर सभामा प्रस्तुत गर्ने सम्वन्धमा । | | बजेट तथा कार्यक्रम तर्जुमा समिति र विधायन समितिबाट छलफल गरी अन्तिम मस्यौदा गरिएको काठमाडौं महानगरपालिका विनियोजन विधेयक, २०७९ काठमाडौं महानगरपालिका नगर सभा एघारौं अधिबेशनको मिति २०७८/०३/१० को बैठकमा उपप्रमुखज्यूले प्रस्तुत गर्ने । | नगर सभामा पेश | सचिवालय प्रमुख | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| ४ | **प्रस्ताव नं. ४.**<br>काठमाडौं महानगरपालिका अनुगमन तथा मुल्यांकन कार्यविधि, २०७९ स्वीकृत गर्ने सम्वन्धमा । | | काठमाडौं महानगरपालिका अनुगमन तथा मुल्यांकन कार्यविधि, २०७९ स्वीकृत गरी लागु गर्न निर्णय हुनुपर्ने । | कार्यान्वियनको लागि सम्वन्धित विभागमा निर्णयको प्रमाणित प्रतिलिपि सहित सक्कल फाइल प्रेषित भएको । | योजना अनुगमन तथा मूल्यांकन एकाई | |
| **५** | **प्रस्ताव नं. ५.**<br>नगर कार्यपालिका अन्तर्गत बिषयगत समितिहरु गठन सम्बन्धमा । | | नगर कार्यपालिका अन्तर्गत देहाय बमोजिमका बिषयगत समितिहरु गठन गर्ने ।<br><br>१. सुशासन समिति<br>संयोजक<br>खेम राज तिवारी २६<br>सदस्य<br>भाईराम खड्गी २८<br>सदस्य<br>सुमन श्रेष्ठ १४<br>सदस्य<br>सरोज ढकाल ३१<br><br>२. सामाजिक समिति<br>संयोजक<br>राम कुमार के.सी. १०<br>सदस्य<br>ललिता खड्गी २२<br>सदस्य<br>राजेन्द्र कुमार श्रेष्ठ २<br>सदस्य<br>महेश नेपाली १३ | सम्पन्न | सचिवालय प्रमुख | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | ३. पुर्वाधार विकास समिति<br>संयोजक<br>मुकुन्द रिजाल १६<br>सदस्य<br>राजेश कुमार श्रेष्ठ १९<br>सदस्य<br>राजेश डंगोल २५<br>सदस्य<br>विरेन्द्र प्रजापति ५<br><br>४. वातावरण समिति<br>संयोजक<br>बालकृष्ण महर्जन १२<br>सदस्य<br>भुवन लामा ६<br>सदस्य<br>योगेश कुमार खड्गी २७<br>सदस्य<br>विरेन्द्र प्रजापति ५<br><br>५. सूचना समिति<br>संयोजक<br>नविन मानन्धर १७<br>सदस्य<br>राजेश श्रेष्ठ १९<br>सदस्य<br>कुश ढकाल २९<br>सदस्य<br>न्हुच्छे काजी महर्जन १८ | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | ६. भवन समिति<br>संयोजक<br>हिरालाल तण्डुकार ११<br>सदस्य<br>राजेन्द्र मानन्धर २०<br>सदस्य<br>उदय चुडामणि बज्राचार्य २१<br>सदस्य<br>कञ्चना नेपाली हरिजन २३<br>७. सम्पदा समिति<br>संयोजक<br>आशामान संगत ८<br>सदस्य<br>भुवन लामा ६<br>सदस्य<br>विनोद कुमार राजभण्डारी २४<br>सदस्य<br>न्हुच्छे काजी महर्जन १८<br><br>८. राजश्व समिति<br>संयोजक<br>नवराज पराजुली ३२<br>सदस्य<br>भरतलाल श्रेष्ठ १<br>सदस्य<br>रामजी भण्डारी ९<br>सदस्य<br>विमल होडा १८<br><br>९. स्वास्थ्य समिति<br>संयोजक | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | चिनीकाजी महर्जन २२<br>सदस्य<br>मैया लक्ष्मी महर्जन १५<br>सदस्य<br>विनोद कुमार राजभण्डारी २४<br>सदस्य<br>दिनेश महर्जन ४<br><br>१०. विधायन समिति<br>संयोजक<br>मचाराजा महर्जन २३<br>सदस्य<br>सरोज ढकाल ३१<br>सदस्य<br>रामजी भण्डारी ९<br>सदस्य<br>मिना सिंह ५<br><br>११. विपद समिति<br>संयोजक<br>प्रेम थापा ३<br>सदस्य<br>दिनेश महर्जन ४<br>सदस्य<br>विनोद अछामी ३१<br>सदस्य<br>मिना सुनार १<br><br>१२. वित्त समिति<br>संयोजक<br>ईश्वरमान डंगोल १५<br>सदस्य | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | ध्रुर्व नारायण मानन्धर १३<br>सदस्य<br>अनिता कार्की ढोली ३१<br>सदस्य<br>दल बहादुर कार्की ३१ | | | |
| | | | | | | |

# काठमाडौं महानगरपालिका मिति २०७९ असार २१ गते बसेको पाँचौं बैठकको निर्णयको अवस्था

| क्र.सं. | प्रस्ताव नं. | मिति | निर्णय | कार्यान्वयनको अवस्था | प्रस्ताव पेश गर्ने विभाग | विभागको राय |
|---|---|---|---|---|---|---|
| १ | **प्रस्ताव नं. १** राजश्व ऐन, २०७५ को संशोधन प्रस्ताव सम्वन्धमा । | **२०७९ असार २१ गते** | काठमाडौं महानगरपालिका राजस्व ऐन, २०७५ संसोधन गर्न एघारौं नगर सभा अधिवेशनमा प्रस्ताव पेश गर्न स्वीकृत हुनुपर्ने । | कार्यान्वयनको लागि सम्वन्धित विभागमा निर्णयको प्रमाणित प्रतिलिपि सहित सक्कल फाइल प्रेषित भएको । | **राजश्व विभाग** | |
| २ | **प्रस्ताव नं. २** काठमाडौं महानगरपालिका विकास सहायता कार्यविधि, २०७९ बैठकमा पेश गर्ने सम्वन्धमा । | **२०७९ असार २१ गते** | विधायन समितिबाट अन्तिम रुप दिई प्राप्त हुन आएको काठमाडौं महानगरपालिका विकास सहायता कार्यविधि, २०७९ सामाजिक समितिबाट पुनरावलोकन गरिएबमोजिम स्वीकृत गरी लागु गर्न निर्णय हुनुपर्ने । | कार्यान्वयनको लागि सम्वन्धित विभागमा निर्णयको प्रमाणित प्रतिलिपि सहित सक्कल फाइल प्रेषित भएको । | **सामाजिक विकास विभाग** | |
| ३ | **प्रस्ताव नं. ३** काठमाडौं महानगरपालिका कल सेन्टर संचालन कार्यविधि, २०७९ तर्जुमा गर्न सैद्धान्तिक सहमति दिने सम्वन्धमा । | **२०७९ असार २१ गते** | काठमाडौं महानगरपालिका कल सेन्टर संचालन कार्यविधि, २०७९ तर्जुमा गर्न सैद्धान्तिक सहमतिका लागि का.म.पा. विधायन समितिमा छलफलका लागि स्वीकृती दिने निर्णय हुनुपर्ने । | कार्यान्वयनको लागि सम्वन्धित विभागमा निर्णयको प्रमाणित प्रतिलिपि सहित सक्कल फाइल प्रेषित भएको । | **सूचना प्रविधि विभाग** | |
| ४ | **प्रस्ताव नं. ४** लिलाम समितिको प्रतिवेदन सम्वन्धमा । | **२०७९ असार २१ गते** | काठमाडौं महानगरपालिका कार्यालय अन्तर्गत लिलामयोग्य सामाग्रीहरुको विवरणको कवाडीको मुल रकम रु. ६,९५,१४०/- (छ लाख पन्चान्नब्बे हजार एकसय चालिस मात्र), त्यसैगरी नगर प्रहरी बलबाट जफत गरिएका सामाग्रीहरु रु. ५,१७,१५०/- ( पाँच लाख सत्र हजार एकसय पचास मात्र) र फलामजन्य स्पेयर पार्टस् सहित अन्य सामाग्रीहरुको कुल मुल्य रु. २,६६,५१४/- (दुई लाख छैसट्ठी हजार पाँचसय चौध मात्र) गरी जम्मा रु. | कार्यान्वयनको लागि सम्वन्धित विभागमा निर्णयको प्रमाणित प्रतिलिपि सहित सक्कल फाइल प्रेषित भएको । | **जिन्सी शाखा** | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | १४,७८,८०४/- (चौध लाख अठहत्तर हजार आठसय चार मात्र) कायम गरी लिलाम प्रक्रिया अगाडि बढाउन निर्णय हुनुपर्ने । | | | |
| **५** | **प्रस्ताव नं ५.** बातावरणीय अध्ययन सम्वन्धी विज्ञ समिति गठन गर्ने सम्वन्धमा । | **२०७९ असार २१ गते** | उल्लेखित सूचि मध्येबाट सम्वन्धित विषय सम्वन्धमा विज्ञहरु छनौट गर्न काठमाडौं महानगरपालिका प्रमुख प्रशासकीय अधिकृतज्यूलाई जिम्मेवारी दिन निर्णय हुनुपर्ने । | कार्यान्वयनको लागि सम्वन्धित विभागमा निर्णयको प्रमाणित प्रतिलिपि सहित सक्कल फाइल प्रेषित भएको । | **बातावरण तथा कृषि विभाग** | |
| **६** | **प्रस्ताव नं. ६** थप इन्धन बजेट व्यवस्था गर्ने सम्वन्धमा । | **२०७९ असार २१ गते** | थप इन्धन बजेट व्यवस्थाका लागि लेखा संकेत नं. २२६१२ आन्तरिक भ्रमण कार्यक्रमको लागि विनियोजन भएको रु. ५ करोड ७० लाखमा खर्च भई बचत भएको रु. ४ करोड ६६ लाख ५४ हजार रकमबाट लेखा संकेत नं. २२२१२ इन्धन कार्यालय प्रयोजनमा ३ करोड ५० लाख थप गरी बजेट संशोधन गर्न नगर सभाबाट सहमति लिने गरी रकमान्तर गर्ने निर्णय हुनुपर्ने । | कार्यान्वयनको लागि सम्वन्धित विभागमा निर्णयको प्रमाणित प्रतिलिपि सहित सक्कल फाइल प्रेषित भएको । | **बित्त विभाग** | |
| **७** | **प्रस्ताव नं. ७** का.म.पा. ४ वडा सि.सि. क्यामरा जडान गर्न रकम निकासा गर्ने सम्वन्धमा । | **२०७९ असार २१ गते** | काठमाडौं महानगरपालिका ४ वडास्थित रारा संयुक्त उपभोक्ता समाजमा १९ वटा क्यामरा जडान गर्ने कार्यको लागि ४ वडा कार्यालयलाई रु. ३,००,०००।- (तीन लाख मात्र) रकम निकासा गर्न निर्णय हुनुपर्ने । | कार्यान्वयनको लागि सम्वन्धित विभागमा निर्णयको प्रमाणित प्रतिलिपि सहित सक्कल फाइल प्रेषित भएको । | **बित्त विभाग** | |
| **८** | **प्रस्ताव नं. ८** महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका समिति गठन गर्ने सम्वन्धमा । | **२०७९ असार २१ गते** | काठमाडौं महानगरपालिकाबाट राष्ट्रिय सामुदायिक स्वास्थ्य स्वयंसेविका कार्यक्रम रणनीति २०७६ बमोजिमको समिति गठन गर्न निर्णय हुनुपर्ने | कार्यान्वयनको लागि सम्वन्धित विभागमा निर्णयको प्रमाणित प्रतिलिपि सहित सक्कल फाइल प्रेषित भएको । | **स्वास्थ्य विभाग** | |
| **९** | **प्रस्ताव नं. ९** | **२०७९ असार २१ गते** | का.म.पा. १८ पुष्पलाल स्मृति पार्कको | कार्यान्वयनको लागि | **सार्वजनिक निर्माण** | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | काठमाडौं महानगरपालिका १८ वडास्थित सार्वजनिक शौचालय पुनः निर्माण गर्ने सम्वन्धमा । | | दक्षिण क्षेत्रमा एक सतहबाट एकतल्ला Down हुने अवस्था रहेकोले Ground Floor नेपाली परम्परागत संरचनाको सतलको रुपमा प्रयोग हुने र माथिल्लो (First Floor) आधुनिक सुविधा सहितको (Smart Public Toilet) निर्माण गर्ने योजना अनुसार परम्परागत Looks हुनेगरी निर्माण सामाग्रीको प्रयोग गरी निर्माण गर्दा लाग्ने रु. १,२७,६५,१७०।४८ ( एक करोड सत्ताइस लाख पैसट्ठी हजार एक सय सत्तरी रुपैया पैसा अठ्चालिस मात्र) देखिएकोले सोही शिर्षकमा भएको रु. १ करोड र बाँकी सार्वजनिक शौचालय निर्माण शिर्षकमा व्यवस्था भएको रु. ५ करोड ( लेखा संकेत एउटै) बाट खर्च हुने गरी कार्यान्वयन गर्न निर्णय हुनुपर्ने । | सम्वन्धित विभागमा निर्णयको प्रमाणित प्रतिलिपि सहित सक्कल फाइल प्रेषित भएको । | **विभाग** | |
| **१०** | **प्रस्ताव नं. १०** काठमाडौं महानगरपालिका वडा नं. १ नक्सालस्थित नन्दी माध्यमिक विद्यालयको हीरक जयन्ती मनाउन आर्थिक सहयोग उपलब्ध गराउने सम्वन्धमा । | **२०७९ असार २१ गते** | काठमाडौं महानगरपालिका वडा नं. १ नक्सालस्थित नन्दी माध्यमिक विद्यालयको हीरक जयन्ती मनाउन आ.व. ०७८/०७९ को बार्षिक बजेट, नीति तथा कार्यक्रमको क्र.सं. ८६६ मा व्यवस्था भएको बजेटबाट रु. ३,००,०००।- (अक्षरुपी तीन लाख मात्र) आर्थिक सहयोग उपलब्ध गराउने निर्णय हुनुपर्ने । | कार्यान्वयनको लागि सम्वन्धित विभागमा निर्णयको प्रमाणित प्रतिलिपि सहित सक्कल फाइल प्रेषित भएको । | **शिक्षा विभाग** | |
| **११** | **प्रस्ताव नं. ११** स्वास्थ्य संस्था दर्ता, नविकरण तथा स्तरोन्नती सम्वन्धी कार्यविधि, २०७७ बमोजिम गठित अनुगमन | **२०७९ असार २१ गते** | काठमाडौं महानगरपालिका स्वास्थ्य संस्था दर्ता, नविकरण तथा स्तरोन्नती सम्वन्धी कार्यविधि, २०७७ बमोजिम गठित अनुगमन समितिको संयोजक का.म.पा. १९ वडा अध्यक्ष श्री राजेश कुमार श्रेष्ठलाई तोक्ने | कार्यान्वयनको लागि सम्वन्धित विभागमा निर्णयको प्रमाणित प्रतिलिपि सहित सक्कल फाइल प्रेषित भएको । | **स्वास्थ्य विभाग** | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | समितिको संयोजक तोक्ने सम्वन्धमा । | | निर्णय हुनुपर्ने । | | | |

# काठमाडौं महानगरपालिका मिति २०७९ श्रावण ०१ गते बसेको छैंटौं बैठकको निर्णयको अवस्था

| क्र.सं. | प्रस्ताव नं. | मिति | निर्णय | कार्यान्वयनको अवस्था | प्रस्ताव पेश गर्ने विभाग | विभागको राय |
|---|---|---|---|---|---|---|
| १ | **प्रस्ताव नं १**<br>ज्यापु महागुथि नेपाः यें महानगरपालिका समितिबाट सिफारिस भई आएका परम्परागत ६३ वटा गुथि/खलःहरुलाई आवश्यक सम्पूर्ण कागजात पेश गर्न लगाई अनुदान रकम उपलब्ध गराउने सम्वन्धमा । | **२०७९श्रावण ०१ गते** | ज्यापु महागुथि नेपाः यें महानगरपालिका समितिबाट सिफारिस भई आएका परम्परागत ६३ वटा गुथि/खलःहरुलाई आवश्यक सम्पूर्ण कागजात पेश गर्न लगाई काठमाडौं महानगरपालिकाको आ.ब.२०७८/०७९ क्र.सं. २४८ अन्तर्गत परम्परा गुथि बाजा खलःलाई (एक लाखको दरले) अनुदान विषयको विनियोजित बजेट अनुदान रकम उपलब्ध गराउने निर्णय हुनुपर्ने । | कार्यान्वयनको लागि सम्वन्धित विभागमा निर्णयको प्रमाणित प्रतिलिपि सहित सक्कल फाइल प्रेषित भएको | **सम्पदा तथा पर्यटन विभाग** | |
| २ | **प्रस्ताव नं. २**<br>काठमाडौं महानगरपालिका २५ वडास्थित जनचिकित्सालयलाई स्वास्थ्य उपकरणको व्यवस्थापन गर्न अनुदान दिने सम्वन्धमा । | | काठमाडौं महानगरपालिका २५ वडास्थित जनचिकित्सालयलाई स्वास्थ्य उपकरणको व्यवस्थापन गर्न आ.व. २०७८/०७९ मा बजेट संकेत नं. २५३१२ अन्तर्गत जनचिकित्सालय न्यौखालाई स्वास्थ्य उपकरण सहयोगका लागि रु.३०,००,०००।- (तीस लाख) विनियोजन भएकोले रु. २९,५०,०००।- (उनान्तीस लाख पचास हजार) अनुदान उपलब्ध गराउन निर्णय हुनुपर्ने । | कार्यान्वयनको लागि सम्वन्धित विभागमा निर्णयको प्रमाणित प्रतिलिपि सहित सक्कल फाइल प्रेषित भएको | **स्वास्थ्य विभाग** | |
| ३ | **प्रस्ताव नं. ३**<br>२०७९ को इन्द्रजात्रामा विदेशी पाहुना आमन्त्रण गरी मनाउने | | काठमाडौंको ऐतिहासिक ,धार्मिक तथा साँस्कृतिक सम्पदाका रुपमा रहेको ईन्द्रजात्रा काठमाडौं उपत्यकामा हरेक बर्ष विशेष | कार्यान्वयनको लागि सम्वन्धित विभागमा निर्णयको प्रमाणित | **अन्तर्राष्ट्रिय सम्वन्ध सचिवालय** | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | सम्वन्धमा । | | उत्सवकै रुपमा मनाउने गरिन्छ । यस वर्ष इन्द्रजात्रा भदौ महिनाको २४ गते परेको हुंदा ईन्द्रजात्रालाई भव्य रुपमा मनाउने र ईन्द्रजात्राको महत्वलाई अन्तराष्ट्रिय जगतसम्म पुऱ्याउने प्रमुख उदेश्यकासाथ महानगरपालिकाका भागिनी शहरहरु, महानगरपालिका सदस्य रहेका अन्तर्राष्ट्रिय संघ संस्थाहरु र केही अन्य शहरहरुका प्रमुख तथा प्रतिनिधीहरुलाई आमन्त्रण गरी उनीहरुलाई काठमाडौंका यी जीवन्त साँस्कृतिक सम्पदाहरुको अवलोकन गराउने तथा पर्यटन प्रवर्द्धनमा सहयोग पुऱ्याउने कार्यका लागि माथी उल्लेखित प्रस्ताव बमोजिम काम गर्न तपसिल बमोजिमको मुल समिति तथा कार्यक्रम कार्यान्वय उप समिति गठन (नियमानुसारको बैठक भत्ता पाउने गरी) नियमित रुपमा बैठक बसी कार्य अगाडी बढाउने । | प्रतिलिपि सहित सक्कल फाइल प्रेषित भएको | | |
| ४ | **प्रस्ताव नं. ४**<br>काठमाडौं महानगरपालिकाको सार्वजनिक खरिद नियमावली २०७४ संशोधन गर्ने सम्वन्धमा । | | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७४ को उपदफा (२) बमोजिमको प्रयोजनका लागि काठमाडौ महानगरपालिका सार्वजनिक खरिद नियमावली तर्जुमा गर्नु पर्ने भएकोले सार्वजनिक खरिद ऐन, २०६३ दफा ७४ को उपदफा (३) मा उल्लेख भएका लगायतका विषयलाई समेट्ने गरी हालको काठमाडौं महानगरपालिका सार्वजनिक खरिद नियमावली, २०७४ लाई संशोधन वा परिमार्जन गर्न खरिद नियमावलीको मस्यौदा तयार गर्न सैदान्तिक सहमति दिने । | कार्यान्वयनको लागि सम्वन्धित विभागमा निर्णयको प्रमाणित प्रतिलिपि सहित सक्कल फाइल प्रेषित भएको | **कानुन तथा मानव अधिकार विभाग** | |
| ५ | **प्रस्ताव नं.५** | | मनुमित्र कार्यक्रमको मिति २०७९ आषाढ | कार्यान्वयनको लागि | **पशु सेवा** | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | मनुमित्र कार्यक्रमको मिति २०७९ आषाढ १४ मा समाप्त भएकोले म्याद सकिएको मितिबाट नौं महिना म्याद थप गर्ने सम्वन्धमा । | | १४ मा म्याद समाप्त भएकोले म्याद सकिएको मितिबाट नौं महिना म्याद थप गर्न निर्णय हुनुपर्ने । | सम्वन्धित विभागमा निर्णयको प्रमाणित प्रतिलिपि सहित सक्कल फाइल प्रेषित भएको | **महाशाखा** | |
| ६ | **प्रस्ताव नं. ६**<br>का.म.पा. ११ स्थित बिमा संस्थानबाट लिनुपर्ने राजश्व लिई घरबाटो सिफारिस दिने सम्वन्धमा । | | काठमाडौं महानगरपालिका वडा नं. ११ रामशाहपथस्थित राष्ट्रिय बीमा संस्थानले चर्चेको १३-१५-२-० रोपनी जग्गाको लाग्ने दस्तुर सोही बीमा संस्थानबाट लिई घरबाटो सिफारिस दिन निर्णय हुनुपर्ने । | कार्यान्वयनको लागि सम्वन्धित विभागमा निर्णयको प्रमाणित प्रतिलिपि सहित सक्कल फाइल प्रेषित भएको | **राजश्व र ११ वडा कार्यालय** | |
| ७ | **प्रस्ताव नं. ७(क)विविध**<br>काठमाडौं महानगरपालिकाको प्रवक्ता तोक्ने सम्वन्धमा । | | काठमाडौं महानगरपालिका ३२ सै वडामा बसोबास गर्ने महानगरबासीहरुले प्रत्यक्ष रुपमा सिधै आफ्नो काम कारवाहीको मौखिक गुनासो, पिरमर्का, अनियमितता, ढिलासुस्ती जस्ता विषयमा सोधपुछ गरी तुरुन्त सो को प्रतिउत्तर सहित कार्यान्वयन गर्न काठमाडौं महानगरपालिकाको तर्फबाट काठमाडौं महानगरपालिका वडा नं. १७ का वडा अध्यक्ष श्री नबीन मानन्धरलाई प्रवक्ता तोक्ने निर्णय गरियो । | कार्यान्वयनको लागि सम्वन्धित विभागमा निर्णयको प्रमाणित प्रतिलिपि सहित सक्कल फाइल प्रेषित भएको | **प्रशासन विभाग** | |
| ७ | **प्रस्ताव नं. ७.(ख)विविध**<br>बागमती प्रदेश अध्यादेश २०७८ बमोजिम सातौं तह मिलान गर्ने सम्वन्धमा । | | काठमाडौं महानगरपालिकामा अधिकृत स्तर छैठौं तहमा कार्यरत निम्न अनुसारका कर्मचारीहरुलाई बागमती प्रदेशद्वारा जारी भएको स्थानीय तहको सेवाको गठन तथा सञ्चालन सम्बन्धमा व्यवस्था गर्न बनेको अध्यादेश २०७८ को दफा ६ को (१) बमोजिम अधिकृत स्तर सातौं तहमा तह मिलान गर्नका लागि मिति २०७९/०४/०१ मा सुशासन समितिबाट समेत सिफारिस भई आए बमोजिम सम्बन्धित सेवा समुहमा पद | कार्यान्वयनको लागि सम्वन्धित विभागमा निर्णयको प्रमाणित प्रतिलिपि सहित सक्कल फाइल प्रेषित भएको | **प्रशासन विभाग** | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | मिलान गर्ने । | | | |

# काठमाडौं महानगरपालिका मिति २०७९ भदौं १२ गते बसेको आठौं बैठकको निर्णयको अवस्था

| क्र.सं. | प्रस्ताव नं. | मिति | निर्णय | कार्यान्वयनको अवस्था | प्रस्ताव पेश गर्ने विभाग | विभागको राय |
|---|---|---|---|---|---|---|
| १ | **प्रस्ताव नं १**<br>काठमाडौं महानगरपालिकाको लागि आवश्यक ३२ जना इन्जिनियर, ३२ जना MDGP डाक्टर र ३२ जना नर्सहरुको अस्थायी दरबन्दी स्वीकृत गरी चालु आ.व.को लागि करारमा लिने सम्बन्धमा । | **२०७९ भदौ १२ गते** | काठमाडौं महानगरपालिकाको लागि आवश्यक ३२ जना सिभिल/आर्किटेक्चर/इलेक्ट्रिकल इन्जिनियर, ३२ जना MDGP डाक्टर र ३२ जना नर्सहरुको अस्थायी दरबन्दी स्वीकृत गरी चालु आ.व.को लागि करारमा लिने । | कार्यान्वयनको लागि सम्वन्धित विभागमा निर्णयको प्रमाणित प्रतिलिपि प्रेषित भएको । | **प्रशासन विभाग** | |
| २ | **प्रस्ताव नं २**<br>आर्थिक वर्ष २०७९/०८० को लागि निर्माण सामाग्रीको दररेट विष्लेषण स्वीकृत गर्ने सम्वन्धमा । | **२०७९ भदौ १२ गते** | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम काठमाडौं महानगरपालिका क्षेत्रभित्र सञ्चालन हुने विकास निर्माण, निर्माण सामाग्री, ज्याला, भाडा अन्य सेवा आदिको आर्थिक वर्ष २०७९/०८० को लागि पेश भएको दररेट स्वीकृत गर्ने । | कार्यान्वयनको लागि सम्वन्धित विभागमा निर्णयको प्रमाणित प्रतिलिपि सहित सक्कल फाइल प्रेषित भएको । | **सार्वजनिक निर्माण विभाग** | |
| ३ | **प्रस्ताव नं ३**<br>काठमाडौं महानगरपालिका सार्वजनिक निर्माण विभागबाट पेश हुन आएको घ वर्ग निर्माण इजाजत स्वीकृत गर्ने सम्बन्धमा | **२०७९ भदौ १२ गते** | काठमाडौं महानगरपालिका सार्वजनिक निर्माण विभागबाट पेश हुन आएको घ वर्ग निर्माण इजाजत स्वीकृत गर्ने र अव उप्रान्त आ.व. २०७९/०८० देखि काठमाडौं महानगरपालिकाका उप प्रमुख श्री सुनिता डंगोललाई जिम्मेवारी तोक्ने निर्णय हुनुपर्ने । | कार्यान्वयनको लागि सम्वन्धित विभागमा निर्णयको प्रमाणित प्रतिलिपि सहित सक्कल फाइल प्रेषित भएको । | **सार्वजनिक निर्माण विभाग** | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| ४ | **प्रस्ताव नं ४**<br>काठमाडौं महानगरपालिका करारमा कार्यरत कर्मचारीहरुको २०७९ पौष मसान्त सम्म म्याद थप गर्ने सम्बन्धमा । | **२०७९ भदौ १२ गते** | काठमाडौं महानगरपालिकामा करार सेवामा कार्यरत संलग्न लिष्टका ईन्जिनियर, नायब सुब्बा, कम्प्यूटर टेक्निसियन, कार्यक्रम सञ्चालक, कम्प्युटर टेक्निसियन, कम्प्यूटर अपरेटर, एम.आई. एस अपरेटर, जुनियर ईन्जिनियर, खरिदार, ईलेक्ट्रिसियन, पत्रकार, हे.अ. (अकुपंचरिष्ट), अनमी, अहेव, सिकर्मी, फिल्ड सहायक, कम्प्यूटर सहायक, मुखिया स. कार्यक्रम सञ्चालक, न.प्र. ज. भान्छे, नाई, ईले. हे, भा.स.चा. का.स. कुचिकार र ह.स.चा पदमा कार्यरत जम्मा १०० जना करार कर्मचारीहरु र ३२ जना सामाजिक परिचालकहरुको साविककै सेवा शर्त र सुविधा (दशैं खर्च समेत) कायम रहने गरी २०७९ पुस मसान्तसम्म करार म्याद थप गर्ने । | कार्यान्वयनको लागि सम्वन्धित विभागमा निर्णयको प्रमाणित प्रतिलिपि सहित सक्कल फाइल प्रेषित भएको । | **प्रशासन विभाग** | |
| ५ | **प्रस्ताव नं ५**<br>नेपालभाषा प्रशिक्षण सहायकको सेवा करार म्याद थप गर्ने सम्वन्धमा | **२०७९ भदौ १२ गते** | नेपालभाषा ब्यबस्था समितिको सिफारिश अनुसार साविककै शर्त, बन्देज र दायित्वको अधिनमा रहने गरी हाल काठमाडौ महानगरपालिका अन्तर्गतका सामुदायिक विद्यालयहरुमा स्थानीय विषयको पठनपाठन गरि राखेका १७२ जना नेपालभाषा प्रशिक्षण सहायकहरुको सेवा करार अवधि म्याद समाप्त भएको मितिबाट लागु हुने गरी मिति २०८० असार मसान्तसम्मका लागि थप गर्ने र जेलभित्रका ३ विद्यालयका लागि ३ वटा दरवन्दी बराबरको रकम विद्यालयलाई उपलब्ध गराउने । | कार्यान्वयनको लागि सम्वन्धित विभागमा निर्णयको प्रमाणित प्रतिलिपि सहित सक्कल फाइल प्रेषित भएको । | **शिक्षा विभाग** | |
| ६ | **प्रस्ताव नं. ६**<br>काठमाडौं महानगरपालिकाको | **२०७९ भदौ १२ गते** | काठमाडौं महानगरपालिका कार्यालय र मातहतका वडा कार्यालय, विभाग, सचिवालय | कार्यान्वयनको लागि सम्वन्धित विभागमा | **कानुन तथा मानव अधिकार विभाग** | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | लागि कानुनी सल्लाहकार नियुक्त गर्ने सम्बन्धमा । | | र अन्तर्गतका पदाधिकारी तथा कर्मचारीको हकमा कानुनी प्रतिरक्षा गर्ने, कानुनी राय उपलब्ध गराउने तथा न्याय सम्पादनमा सहयोग गर्न वरिष्ठ अधिवक्ता श्री महेश नेपाल, अधिवक्ताहरु डिना श्रेष्ठ, शंकर प्रसाद पुडासैनी, ओम प्रकाश अर्याल र कुमारी खरेललाई मिति २०७९ साल भाद्र १५ गतेबाट लागु हुनेगरी १ वर्षका लागि देहाय बमोजिमको सेवा सुविधा उपलब्ध गराउने गरी कानुनी सल्लाहकारमा नियुक्ति गर्ने ।<br>**(क)** मासिक पारिश्रमिक रु. ४५,०००।-,<br>**(ख)** मासिक इन्धन सुविधा २० लिटर,<br>**(ग)** १० वटा काम (वहस, लिखित जवाफ, फिराद, रिट निवेदन, पुनरावेदनपत्र मस्यौदा, कानुनी राय, निर्णय मस्यौदा समेत) भन्दा बढी कार्य सम्पादन गरिएमा प्रति काम रु. १५,००।- थप प्रोत्साहन सुविधा । | निर्णयको प्रमाणित प्रतिलिपि सहित सक्कल फाइल प्रेषित भएको । | | |
| ७ | **प्रस्ताव नं. ७**<br>मेलमिलापकर्ताको सूचिलाई अनुमोदन गर्ने सम्वन्धमा । | **२०७९ भदौ १२ गते** | काठमाडौं महानगरपालिका विवाद निरुपण (कार्यविधि) ऐन, २०७५ बमोजिम देहाय बमोजिमको मेलमिलापकर्ताको सूचीलाई काठमाडौं महानगरपालिकाको केन्द्रिय कार्यालय र सबै वडा कार्यालयहरुमा रहेको मेलमिलाप केन्द्रमा विवाद निरुपण गर्न मेलमिलापकर्ताको रुपमा सूचीकृत गर्ने । काठमाडौं महानगरपालिका विवाद निरुपण (कार्यविधि) ऐन, २०७५ को दफा ३३ (२) बमोजिम देहायको सूचीलाई अनुमोदन गर्ने । सूचीकृत भएका मेलमिलापकर्ताहरुले आचार संहिता उल्लंघन गरेमा सूचिबाट नाम हटाउने र योग्य मेलमिलापकर्तालाई सूचिकृत गरी अध्यावधिक गर्ने अधिकार न्यायिक समितिलाई | कार्यान्वयनको लागि सम्वन्धित विभागमा निर्णयको प्रमाणित प्रतिलिपि सहित सक्कल फाइल प्रेषित भएको । | **कानुन तथा मानव अधिकार विभाग** | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | प्रदान गर्ने । मेलमिलापकर्ताहरुको सेवा सुविधा सम्वन्धमा प्रति विवाद ३ पटकसम्म मेलमिलाप बैठक संचालन गरेवापत पक्षहरुबाट पारिश्रमिक प्राप्त नभएमा प्रति बैठक रु. १,०००।- (एक हजार) परिवहन सुविधा उपलब्ध गराउने । | | | |
| ८ | **प्रस्ताव नं. ८**<br>वडा महिला संजाल (Ward Women Cell) सञ्चालन कार्यविधि, २०७९ स्वीकृत गर्ने सम्वन्धमा । | **२०७९ भदौ १२ गते** | काठमाडौं महानगरपालिका विधायन समितिबाट दफावार छलफल गरी पेश हुन आएको वडा महिला संजाल (Ward Women Cell) सञ्चालन कार्यविधि, २०७९ स्वीकृत गरी लागु गर्ने । | कार्यान्वयनको लागि सम्वन्धित विभागमा निर्णयको प्रमाणित प्रतिलिपि सहित सक्कल फाइल प्रेषित भएको । | **कानुन तथा मानव अधिकार विभाग** | |
| ९ | **प्रस्ताव नं. ९**<br>विकास सहायता कार्यविधि, २०७९ स्वीकृत गर्ने सम्वन्धमा । | **२०७९ भदौ १२ गते** | सामाजिक विकास विभाग, सामाजिक समितिबाट दफावार छलफलबाट अन्तिम रुप दिई पेश हुन आएको काठमाडौं महानगरपालिका विकास सहायता कार्यविधि, २०७९ स्वीकृत गरी लागु गर्न निर्णय हुनुपर्ने । | कार्यान्वयनको लागि सम्वन्धित विभागमा निर्णयको प्रमाणित प्रतिलिपि सहित सक्कल फाइल प्रेषित भएको । | **सामाजिक विकास विभाग** | |
| १० | **प्रस्ताव नं. १०**<br>मानन्धर आँग छें पुनः निर्माणको घटी भेरिएशन स्वीकृत गर्ने सम्वन्धमा । | **२०७९ भदौ १२ गते** | सम्वन्धित उपभोक्ता समितिको माग बमोजिम पुनः निर्माण भएको भवनको दोश्रो तल्लामा पूर्व र पश्चिम तर्फ इटाको गाह्रो नलगाई ट्रस र जस्ताको छाना मात्र लगाई खुल्ला नै राखी निर्माण कार्य गरिएको हुँदा स्वीकृत लागत इष्टिमेट रु. १३,५३,८५६।९० (भ्याट र ओभरहेड बाहेक) प्राविधिक मूल्यांकन रु. १०,२९,२९२।८५ हुन आएको हुँदा उक्त २३.९७ प्रतिशतको घटी भेरिएशन स्वीकृत गरी भुक्तानीको लागि निर्णय हुनुपर्ने । | कार्यान्वयनको लागि सम्वन्धित विभागमा निर्णयको प्रमाणित प्रतिलिपि सहित सक्कल फाइल प्रेषित भएको । | **सम्पदा तथा पर्यटन विभाग** | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ११ | **प्रस्ताव नं. ११**<br>का.म.पा. २६ वडा स्थित सम्झौता मार्गमा ढल निर्माण कार्यको भेरिएशन स्वीकृत गर्ने सम्वन्धमा । | **२०७९ भदौ १२ गते** | प्राविधिक पुष्ट्याई सहित लागत भन्दा रु. ६,९६,२२५।२० (अक्षरुपी छ लाख छयान्नब्बे हजार दुई सय पच्चिस पैसा बीस मात्र अर्थात १६.३२ प्रतिशत घटी) कार्य सम्पन्न प्रतिवेदन हुन आएकोले कुल रु. ३५,६९,५२३।०५ (अक्षरुपी पैतिस लाख उनान्सत्तरी हजार पाँच सय तेइस पैसा पाँच मात्र) को मूल्यांकन (घटी भेरिएशन) स्वीकृतीका लागि निर्णय हुनुपर्ने । | कार्यान्वयनको लागि सम्वन्धित विभागमा निर्णयको प्रमाणित प्रतिलिपि सहित सक्कल फाइल प्रेषित भएको । | **सार्वजनिक निर्माण विभाग** | |
| १२ | **प्रस्ताव नं. १२**<br>काठमाडौं महानगरपालिकाको भू-उपयोग परिषद् र व्यवस्थापन समिति गठन गर्ने सम्बन्धमा । | **२०७९ भदौ १२ गते** | भू- उपयोग ऐन, २०७६ को दफा २० बमोजिमको कार्यान्वयनको लागि तपशिल बमोजिम समिति गठन गरी कार्यान्वयनमा ल्याउन निर्णय हुनुपर्ने ।<br><br>**<u>तपशिलः</u>**<br>क) अधिवक्ता श्री नानीबाबु दाहाल, लिखु तामाकोशी गा.पा. वडा नं. ४, रामेछाप<br>ख) श्री चन्द्र प्रसाद घिमिरे, झापा, गौरादह -२<br>ग)<br>घ) श्री बिना बुद्धाचार्य, का.म.पा. ११, त्रिपुरेश्वर | | | |
| १३ | **प्रस्ताव नं. १३**<br>का.म.पा १७ इन्द्रायणीस्थित मन्दिर परिसरको सत्तल निर्माणको म्याद थप गर्ने सम्बन्धमा । | **२०७९ भदौ १२ गते** | का.म.पा १७ इन्द्रायणीस्थित मन्दिर परिसरको सत्तल निर्माणको म्याद थप गर्ने सम्बन्धमा काठमाडौं महानगरपालिका १७ नं. वडा कार्यालयबाट कार्य मूल्याकंन प्रतिवेदन प्राप्त भएपश्चात २०७९ श्रावण मसान्त ४(चार महिना) सम्म म्याद थप गर्न निर्णय हुनुपर्ने । | कार्यान्वयनको लागि सम्वन्धित विभागमा निर्णयको प्रमाणित प्रतिलिपि सहित सक्कल फाइल प्रेषित भएको । | **सम्पदा तथा पर्यटन विभाग** | |
| १४ | **प्रस्ताव नं. १४**<br>का.म.पा १० स्थित कविर सत्सङ्ग | **२०७९ भदौ १२ गते** | काठमाडौं महानगरपालिका राजश्व छुट, मिनाहा सम्वन्धी मापदण्ड, २०७८ को दफा ( | कार्यान्वयनको लागि सम्वन्धित विभागमा | **शहरी व्यवस्थापन विभाग** | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | आश्रम ट्रष्टको भवन निर्माणको नक्सा दस्तुर छुट दिने सम्बन्धमा । | | ९) मा “करदाताको नाममा रहेको जग्गामा व्यवसायिक आयआर्जन प्रयोजनको लागि नभई सार्वजनिक उपभोग, सार्वजनिक सेवा वा धार्मिक कार्यमा उपभोग गर्ने गरी नक्सा पेस गरेमा कार्यपालिकाले नक्सापास वापत लाग्ने कुल दस्तुरको दश प्रतिशतले हुन आउने रकम सेवा शुल्क वापत लिई नक्सापास दस्तुरमा पूर्ण छुट गरी निर्णय गर्न सक्नेछ” भन्ने व्यवस्था भए अनुसार का.म.पा. १० स्थित कविर सत्सङ्ग आश्रम ट्रष्टको कुल नक्सापास दस्तुर रु. २,२०,५०२।१० ( अक्षरुपी दुई लाख बीस हजार पाँच सय दुई रुपैया पैसा दश मात्र) को दश प्रतिशतले हुने रकम रु. २२,०५०।२१ (अक्षरुपी बाइस हजार पचास रुपैया पैसा एक्काइस मात्र) दस्तुर लिई बाँकी नक्सा पास बापतको रकम छुट दिने । | निर्णयको प्रमाणित प्रतिलिपि सहित सक्कल फाइल प्रेषित भएको । | | |

# काठमाडौं महानगरपालिका मिति २०७९ असोज १४ गते बसेको नवौं

## बैठकको निर्णयको अवस्था

| क्र.सं. | प्रस्ताव नं. | मिति | निर्णय | कार्यान्वयनको अवस्था | प्रस्ताव पेश गर्ने विभाग | विभागको राय |
|---|---|---|---|---|---|---|
| १ | **प्रस्ताव नं. १** फुटकर जिन्सी सामाग्रीको दररेट स्वीकृति सम्वन्धमा | **२०७९ असोज १४ गते** | काठमाडौं महानगरपालिका नगरकार्यपालिका अन्तर्गतका कार्यालयहरुलाई आ.ब. २०७९/०८० मा फुटकर जिन्सी सामाग्री उपलब्ध गराउनु पर्ने भएको हुदाँ आ.ब २०७९/०८० का लागि दररेट निर्धारण समितिले सिफारिस गरे बमोजिम क्र.सं. १ देखि ५२० सम्मको दररेट अनुमोदन गरी २०७९ श्रावण १ देखि लागु गर्ने । | कार्यान्वयनको लागि सम्वन्धित विभागमा निर्णयको प्रमाणित प्रतिलिपि सहित सक्कल फाइल प्रेषित भएको । | प्रशासन विभाग ( जिन्सी शाखा) | |
| २ | **प्रस्ताव नं. २** का.म.पा. सम्पदा तथा पर्यटन विभागबाट निर्माण गरिने कार्यका लागि आ.व. २०७९/०८० को दररेट विश्लेषण तथा स्वीकृति गर्ने सम्वन्धमा । | **२०७९ असोज १४ गते** | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ वमोजिम स्थानीय तहमा निर्माण गरिने पूर्वाधार निर्माण कार्य, निर्माण सामाग्री तथा ज्यालाको दररेट स्थानीय तहवाट स्विकृत गरी लागू गर्नुपर्ने कानूनी व्यवस्था भए बमोजिम सांस्कृतिक, पुरातात्विक एवं ऐतिहासिक सम्पदाहरुको पून:निर्माण, मर्मत, जिर्णोद्धार तथा निर्माण कार्यको लागि पुरातत्व विभागवाट स्विकृत भएको आर्थिक वर्ष २०७९।०८० को दररेट समेतका आधारमा काठमाडौं महानगरपालिका अन्तर्गत सञ्चालन गरिने सम्पदाहरुको लागि सोही दररेट विश्लेषण स्वीकृत गरी लागु गर्ने । | कार्यान्वयनको लागि सम्वन्धित विभागमा निर्णयको प्रमाणित प्रतिलिपि सहित सक्कल फाइल प्रेषित भएको । | सम्पदा विभाग | |
| ३ | **प्रस्ताव नं. ३** का.म.पा. ९ वडा अन्तर्गत | **२०७९ असोज १४ गते** | का.म.पा. ९ वडा अन्तर्गत सिनामंगलस्थित श्री प्रणामी गल्ली र शंकर नगर गल्ली सडक | कार्यान्वयनको लागि सम्वन्धित विभागमा | सार्वजनिक निर्माण विभाग | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | सिनामंगलस्थित श्री प्रणामी गल्ली र शंकर नगर गल्ली उपभोक्ता समिति मार्फत सडक ढलान गर्ने कार्य स्थगित गरी रकम फिर्ता गरिदिने सम्वन्धमा । | | ढलान कार्यको लागि काठमाडौं महानगरपालिका र सम्वन्धित उपभोक्ता समितिबीच भएको सम्झौता रद्ध गरी उपभोक्ता समिति मार्फत जम्मा भएको ५ प्रतिशत रकम रु. १,३६,३४१।९१ (अक्षरुपी एक लाख छत्तीस हजार तीन सय एकचालिस पैसा एकान्नब्बे) मात्र फिर्ता दिन निर्णय हुनुपर्ने । | निर्णयको प्रमाणित प्रतिलिपि सहित सक्कल फाइल प्रेषित भएको । | | |
| ४ | **प्रस्ताव नं. ४**<br>सेनिटरी प्याड वितरण तथा व्यवस्थापन समितिलाई पूर्णता दिने सम्वन्धमा | **२०७९ असोज १४ गते** | काठमाडौ महानगरपालिका अन्तर्गतका सामुदायिक विद्यालयहरुमा अध्ययनरत छात्राहरुको लागि सेनिटरी प्याड वितरण तथा व्यवस्थापन गर्न सेनिटरी प्याड वितरण तथा व्यबस्थापन कार्यविधि, २०७६ को दफा १४ मा भएको व्यवस्था बमोजिम तपशिलका सदस्य तोक्ने निर्णय हुनुपर्ने ।<br><br>तपशिल<br>दफा १४ को (ख) अनुसार कार्यपालिकाका सदस्य श्री मैंया लक्ष्मी श्रेष्ठ.र<br>दफा १४ को (घ) अनुसार विद्यालयको तर्फबाट ( हेरम्वराज कर्डेल, प्र.अ. विश्व निकेतन मा.वि. र रविना महर्जन प्र.अ. सरस्वती निकेतन मा.वि.) | सम्वन्धित विभागमा निर्णयको प्रमाणित प्रतिलिपि सहित सक्कल फाइल प्रेषित भएको । | शिक्षा विभाग | |
| ५ | **प्रस्ताव नं. ५**<br>काठमाडौं महानगरपालिकामा कार्यरत कर्मचारीहरुलाई जोखिम/प्रोत्साहन भत्ता उपलब्ध गराउने सम्वन्धमा । | **२०७९ असोज १४ गते** | का.म.पा. मा कार्यरत तपशिल बमोजिमका सचिवालय र विभाग, महाशाखाका कर्मचारीहरुलाई प्रोत्साह/जोखिम भत्ता उपलब्ध गराउने ।<br>क) काठमाडौं महानरपालिका अर्न्तगत बातावरण व्यवस्थापन विभाग, यन्त्र तथा उपकरण महाशाखा तर्फका कर्मचारीहरुलाई | सम्वन्धित विभागमा निर्णयको प्रमाणित प्रतिलिपि सहित सक्कल फाइल प्रेषित भएको । | प्रशासन विभाग | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | २०७९ श्रावण महिनादेखि जोखिम भत्ता, सरसफाइ भत्ता (कुचिकारहरुलाई ३ महिनाको), ड्राइभर र मेकानिकललाई १ महिनाको त्यस्तै गरी वातावरण विभागमा कार्यरत प्रशासनिक तथा प्राविधिक कर्मचारीहरु, नगर प्रहरी, भारी सवारी चालक, हेल्पर, स्यानीटेशन सुपरभाइजरको रुपमा कार्यरत कर्मचारीहरु, मालि, भर्ति (का.स.), क्लि.अ पियनहरुलाई १ महिनाको फोहरमैला भत्ता साविक बमोजिम उपलब्ध गराउने र चालकहरुलाई साविकमा उपलब्ध गराएको भत्तालाई निरन्तरता दिने ।<br>ख) काठमाडौं महानगरपालिका प्रमुख सचिवालय, उपप्रमुख सचिवालय, प्रमुख प्रशासकीय अधिकृतको सचिवालयहरुका कर्मचारीहरुले नगरसभा, नगरकार्यपालिकाको कार्य प्रक्रियामा सामेल हुनुपर्ने, माइन्यूट तथा निर्णयहरु तयार गर्नुपर्ने, कार्यालय समय अगाडी पछाडी र सार्वजनिक विदाको दिनमा समेत थप अतिरिक्त समय कार्य गर्नुपर्ने, अन्य विभाग भन्दा सचिवालयको कार्यबोझ र कार्य प्रकृति पनि फरक भएको, नियमित कार्यका अतिरिक्त अकस्मात आइपर्ने कार्यहरु गर्नुपर्ने, कार्यबोझका कारण उपलब्ध विदाको उपयोग गर्न नपाइने भएको हुनाले साविक बमोजिम नै २०७९ श्रावणदेखि शुरु तलब स्केलको ५० प्रतिशत प्रोत्साहन भत्ता प्रमुखको सचिवालय, उपप्रमुखको सचिवालय, प्रमुख प्रशासकीय अधिकृतको सचिवालयमा कार्यरत कर्मचारीहरुलाई साविक बमोजिम शुरु तलब स्केलको ५० प्रतिशत भत्ता उपलब्ध गराउने | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | साथै प्रमुख, उपप्रमुख तथा प्रमुख प्रशासकीय अधिकृत संगै हिड्ने स्वकीय र PSO हरुलाई साविक बमोजिम नै ५० प्रतिशत प्रोत्साहन भत्ता उपलब्ध गराउने, मुल दर्ता चलानी शाखामा कार्यरत कर्मचारीहरुलाई २०७९ श्रावण महिनादेखि दिनको २५० सेवा सुविधा उपलब्ध गराउने, बागदरबार र राष्ट्रिय सभागृहको मुल गेटमा खटि आउने कर्मचारीहरु, जुद्ध बारुण यन्त्रमा कार्यरत कर्मचारीहरुलाई २०७९ श्रावण देखि साविक बमोजिम नै प्रोत्साहन भत्ता उपलब्ध गराउने ।<br>ग) काठमाडौ महानगरपालिका अन्तर्गतका प्रशासन विभाग, वित्त विभाग, राष्ट्रिय सभागृह र अन्य विभाग, महाशाखा, एकाई, शाखाको हकमा सम्वन्धीत निकायको प्रमुखबाट प्रमाणित भई आएमा विद्युतीय हाजिरी मेसिनको अभिलेखलाई आधारमा ४० घण्टा अतिरिक्त समय कार्य गरे वापत प्रत्येक महिना शुरु तलबमानको ५० प्रतिशत रकम अतिरिक्त समय/कार्य प्रोत्साहन भत्ता उपलब्ध गराउने । मासिक ४० घण्टाभन्दा कम अतिरिक्त समय काम गरेकोमा सोही अनुपातमा भत्ता उपलब्ध गराउने ।<br>घ) त्यसरी उपलब्ध गराउने प्रोत्साहन भत्ता, जोखिम भत्ता, अतिरिक्त भत्ता दोहोरो नहुनेगरी उपलब्ध गराउने ।<br>ङ) काठमाडौ महानगरपालिका अन्तर्गत रहेका बिभिन्न बिभाग, महाशाखा, शाखा तथा अन्य कार्यालयहरुमा उपलब्ध गराइदै आएको अतिरिक्त भक्ता तथा सुविधाका | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | सम्वन्धमा अध्ययन गराई प्रतिवेदन पेश गर्ने व्यवस्था मिलाउने । | | | |
| ६ | **प्रस्ताव नं. ७**<br>प्रमुखज्यूको २०७९/२/३१ को निर्णय अनुसार १ महिनाका लागि लिएको कामदारको निर्णय अनुमोदन गर्ने सम्बन्धमा । | **२०७९ असोज १४ गते** | काठमाडौं जिल्लाको आ.व. २०७८/०७९ को दररेट बमोजिम पारिश्रमिक पाउने गरी १५० जना कामदारलाई असाढ १३ गते देखि श्रावण ११ गतेसम्म ३० दिनको लागि दैनिक ज्यालादारीमा जिल्ला दररेटका आधारमा निजहरुको सेवा लिएको तथा निजहरुलाई उपलब्ध गराइएको पारिश्रमिक अनुमोदन गर्ने । | सम्वन्धित विभागमा निर्णयको प्रमाणित प्रतिलिपि सहित सक्कल फाइल प्रेषित भएको । | बातावरण तथा कृषि विभाग | |
| ७ | **प्रस्ताव नं. ९**<br>करुणामय रातो मछिन्द्रनाथको मुर्ति किर्तिपुरमा स्थापनाको लागि अनुदान उपलब्ध गराउने सम्वन्धमा । | **२०७९ असोज १४ गते** | कीर्तिपुर नगरपालिका वडा नं. २ पेङ्गथाँ, गछैंमा श्री करुणामय/लोकेश्वर र उहाँकी प्रेमिका ३२ लक्षणयुक्त कुमारी कन्याको मुर्ति स्थापना गर्नको लागि १७,७५,०००।- ( अक्षरुपी सत्र लाख पचहत्तर हजार मात्र) आर्थिक अनुदान उपलब्ध गराउन निर्णय हुनुपर्ने । | सम्वन्धित विभागमा निर्णयको प्रमाणित प्रतिलिपि सहित सक्कल फाइल प्रेषित भएको । | सम्पदा तथा पर्यटन विभाग | |
| ८ | **प्रस्ताव नं. १०**<br>का.म.पा. वडा नं. ३२ मा घर भाडा लिने सम्वन्धमा । | **२०७९ असोज १४ गते** | का.म.पा. ३२ वडा कार्यालयले हाल प्रयोग गर्दै आइरहेको टहरा भविष्यमा पनि आवश्यक पर्ने भएकोले मिति २०७६/०४/०१ देखि २०८४ साल असार मसान्तसम्म उक्त टहरा भाडामा लिने र साविक बमोजिम ५,०००।-मा बढाएर प्रति महिना ६,०००।- (छ हजार) का दरले उपलब्ध गराउने गरी टहरा धनी कृष्ण बहादुर श्रेष्ठ र का.म.पा. ३२ वडा कार्यालयबिच सम्झौता भएकोले उक्त अवधिको लाग्ने रकम २,८८,०००।- गरी जम्मा रु. ३,२३,०००।- (तीन लाख तेइस | सम्वन्धित विभागमा निर्णयको प्रमाणित प्रतिलिपि सहित सक्कल फाइल प्रेषित भएको । | प्रशासन विभाग | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | हजार) बहाल रकम प्रकृया पुरा गरी भुक्तानीका लागि वडा कार्यालयमा निकासा पठाउने । | | | |
| ९ | **प्रस्ताव नं. ११ विविध**<br>**क)** का.म.पा. नगर कार्यपालिका सदस्य श्री कन्चना नेपाली (हरिजन)को पति राजेन्द्र बहादुर हरिजनलाई औषधी उपचार खर्च उपलब्ध गराउने सम्वन्धमा । | **२०७९ असोज १४ गते** | का.म.पा. नगर कार्यपालिका सदस्य श्री कन्चना नेपाली (हरिजन)को पति राजेन्द्र बहादुर हरिजनलाई रु. ५,००,०००।- (अक्षरुपी पाँच लाख) मात्र औषधी उपचार खर्च उपलब्ध गराउन निर्णय हुनुपर्ने । | सम्वन्धित विभागमा निर्णयको प्रमाणित प्रतिलिपि सहित सक्कल फाइल प्रेषित भएको । | स्वास्थ्य विभाग | |
| १० | **प्रस्ताव नं. ११ विविध**<br>(ख) का.म.पा. ३२ वडा सदस्य श्री सिता विसुङ्केलाई औषधी उपचार खर्च उपलब्ध गराउने सम्वन्धमा । | **२०७९ असोज १४ गते** | का.म.पा. ३२ वडा सदस्य श्री सिता विसुङ्केलाई उपचार गर्दा लागेको विल बमोजिम रु. ८६९७०।- (अक्षरुपी छयासी हजार नौं सय सत्तरी) मात्र औषधी उपचार खर्च उपलब्ध गराउने र सो सम्वन्धमा आवश्यक पर्ने कागजात सहित प्रक्रिया पुरा गर्न स्वास्थ्य विभागलाई निर्देशन दिने । | सम्वन्धित विभागमा निर्णयको प्रमाणित प्रतिलिपि सहित सक्कल फाइल प्रेषित भएको । | स्वास्थ्य विभाग | |
| ११ | **प्रस्ताव नं. ११ विविध**<br>(ग) का.म.पा १७ वडा सदस्य श्री जितेन्द्र खड्गीलाई औषधी उपचार खर्च उपलब्ध गराउने सम्वन्धमा । | **२०७९ असोज १४ गते** | का.म.पा. १७ वडा सदस्य श्री जितेन्द्र खड्गीलाई उपचार गर्दा लागेको विल बमोजिम २८३४१।- (अक्षरुपी अट्ठाइस हजार तीन सय एकचालीस) मात्र औषधी उपचार खर्च उपलब्ध गराउने र सो सम्वन्धमा आवश्यक पर्ने कागजात सहित प्रक्रिया पुरा गर्न स्वास्थ्य विभागलाई निर्देशन दिने । | सम्वन्धित विभागमा निर्णयको प्रमाणित प्रतिलिपि सहित सक्कल फाइल प्रेषित भएको । | स्वास्थ्य विभाग | |
| १२ | **प्रस्ताव नं. ११ विविध**<br>(घ) विपद् व्यवस्थापन विभाग अन्तर्गत अग्नि नियन्त्रण शाखामा कार्यरत न.प्र.ह विपिन घिमिरेलाई औषधी उपचार खर्च बापत | **२०७९ असोज १४ गते** | काठमाडौं महानगरपालिका विपद् व्यवस्थापन विभाग अन्तर्गत अग्नि नियन्त्रण शाखा रामहिटीमा कार्यरत न.प्र.ह विपिन घिमिरे कार्यालयको कामको सिलसिलामा घाइते भई उपचार गर्दा लागेको खर्च बापत रु. | सम्वन्धित विभागमा निर्णयको प्रमाणित प्रतिलिपि सहित सक्कल फाइल प्रेषित भएको । | विपद् व्यवस्थापन विभाग | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | सोधभर्ना उपलब्ध गराउने सम्वन्धमा । | | १२७३५/- (बाह्र हजार सात सय पैतिस) मात्र सोधभर्ना उपलब्ध गराउन निर्णय हुनुपर्ने । | | | |
| **१३** | **प्रस्ताव नं. ११ विविध**<br>महान चाड विजया दशमी, शुभदिपावली, नेपाल सम्वत् ११४३, छठ, इदको उपलक्ष्यमा नगरवासीहरुलाई शुभकामना प्रदान गर्ने सम्वन्धमा | **२०७९ असोज १४ गते** | संवत् २०७९ सालको महान चाड विजया दशमी, शुभदिपावली, नेपाल सम्वत् ११४३, छठ, इद लगायतका नेपाली चाड पर्वहरुको उपलक्ष्यमा महानगरवासीहरुलाई शुभकामना प्रदान गर्ने । | सम्पन्न भएको | | |